# यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि

(नेपालले १४ मे १९९१ तद अनुसार ३१ बैशाख २०४७ मा सम्मिलन गरेको)

१० डिसेम्बर १९८४ मा महासभाद्वारा पारित प्रस्ताव ३९/४६ बमोजिम ग्रहण गरी हस्ताक्षर, अनुमोदन तथा सम्मिलनकोलागि खुला गरिएको

लागू भएको मितिः धारा २७(१) अनुसार, २६ जून १९८७ तद अनुसार १२ आषाढ २०४४

यस महासन्धिका पक्ष राष्ट्रहरु,

संयुक्त राष्ट्र संघको वडापत्रमा घोषणा गरिएका सिद्धान्तहरु अनुसार मानव परिवारका सबै सदस्यहरुको समान र अविच्छिन्न अधिकारहरुको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय तथा शान्तिको आधारशिला हो भन्ने कुरा विचार गर्दै,

मानव व्यक्तिको अन्तर्निहित प्रतिष्ठाबाट नै ती अधिकारहरु नि:सृत हुने कुरालाई स्वीकार गर्दै,

वडापत्र खासगरी धारा ५५ अन्तर्गत मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरुको विश्वव्यापी रुपमा सम्मान र पालना प्रवर्द्धन गर्ने राष्ट्रहरुको दायित्वलाई विचार गर्दै,

कसैलाई पनि यातना दिन वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गर्न नहुने व्यबस्था गर्ने मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा ५ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ७ दुबैलाई ध्यान दिंदै,

९ डिसेम्बर १९७५ तदनुसार २३ मार्ग २०३२ मा महासभाद्वारा ग्रहण गरिएको सबै व्यक्तिहरुलाई यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायवाट संरक्षण दिने सम्बन्धी धोषणापत्रलाई समेत ध्यान दिंदै,

यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यबहार वा सजाय विरुद्धको संघर्षलाई विश्वभर नै अझ बढी प्रभावकारी बनाउने ईच्छा गर्दै,

देहाय बमोजिम सहमत भएका छन्:

नेपाल कानून आयोग

## भाग १

### धारा १

१. यस महासन्धिको प्रयोजनको लागि "यातना" भन्ने शब्दले कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिबाट वा निजको वहकाउ वा सहमति वा मौन सहमतिमा कुनै व्यक्ति वा तेश्रो व्यक्तिबाट जानकारी वा साविति लिने वा निज वा तेश्रो व्यक्तिले गरेको वा गरेको भनी शंका गरिएको कार्यकोलागि दण्ड दिने, वा निज वा तेश्रो व्यक्तिलाई त्रास देखाउने वा जोरजुलूम गर्ने जस्ता उद्देश्यहरु वा कुनै पनि प्रकारको भेदभावमा आधारित कुनै कारणकालागि सो व्यक्तिलाई जानीजानी शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्य सम्झनु पर्छ । कानूनी वन्देजहरुबाट मात्र उत्पन्न हुने वा तिनमा अन्तर्निहित वा सोसंग अनुसांगिक पीडा वा कष्ट यसमा समावेश हुदैन ।

२. यस धाराले व्यापक तर दायराको व्यवस्था गरेको वा गर्न सक्ने कुनै पनि अन्तर्राष्ट्रिय लिखत वा राष्ट्रिय कानूनमा प्रतिकूल प्रभाव पार्ने छैन ।

### धारा २

१. प्रत्येक पक्ष राष्ट्रले आफ्नो अधिकारक्षेत्र अन्तर्गतको कुनै पनि ईलाकामा यातनाका कार्यहरुमा रोक लगाउन प्रभावकारी कानूनी, प्रशासनिक, न्यायिक वा अन्य उपायहरु अवलम्वन गर्नेछ ।

२. युद्धको स्थिति वा युद्धको धम्की वा आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक संकटकाल जस्ता कुनै पनि अपवादजनक परिस्थितिहरुलाई यातनाको औचित्यता पुष्टि गर्न उपयोग गर्न सकिने छैन ।

३. माथिल्लो तहको अधिकारी वा सार्वजनिक निकायको आदेशलाई यातनाको औचित्यता पुष्टि गर्न उपयोग गर्न सकिने छैन ।

### धारा ३

१. कुनै पनि पक्ष राष्ट्रले कुनै व्यक्तिलाई अर्को राष्ट्र, जहां सो व्यक्तिलाई यातना दिनसक्ने खतरा रहेको कुरा विश्वास गर्ने ठोस आधारहरु छन्, मा निकाला गर्ने, फर्काउने वा सुपुर्दगी गर्ने छैन ।

२. त्यस्ता आधारहरु भए नभएको एकिन गर्ने प्रयोजनको लागि अधिकारप्राप्त अधिकारीहरुले सम्बन्धित राष्ट्रमा मानव अधिकारको व्यापक, स्पष्ट वा आम उल्लङ्घनको स्थिर स्वरुप लगायतका सम्वद्द सबै कुराहरुको विचार गर्नेछन् ।

**धारा ४**

१. प्रत्येक पक्ष राष्ट्रले यातनाका सबै कार्यहरु आफ्नो फौजदारी कानून अन्तरगत कसुर हुने कुरा सुनिश्चित गर्नेछन् । यस्तो व्यवस्था यातना दिने उद्योग तथा यातनामा सहभागीता वा मिलिमतोका हकमा पनि लागू हुनेछ ।

२. प्रत्येक पक्ष राष्ट्रले यी कसुरहरुलाई तिनीहरुको गम्भिर प्रकृतिलाई विचार गरी उपयुक्त दण्डसजायबाट दण्डनीय बनाउने छन् ।

**धारा ५**

१. प्रत्येक पक्ष राष्ट्रले देहायका अवस्थाहरुमा धारा ४ बमोजिमका कसुरहरुमा आफ्नो क्षेत्राधिकार स्थापित गर्न आवश्यक उपायहरु अवलम्वन गर्नेछन्:

(क) ती कसूरहरु आफ्नो क्षेत्राधिकार अन्तर्गतको कुनै इलाकामा वा सो राष्ट्रमा दर्ता भएको जहाज वा वायुयानभित्र गरिएको,

(ख) दोषारोपित कसुरदार सो राष्ट्रको नागरिक भएको,

(ग) पीडित सो राष्ट्रको नागरिक भएको र सो राष्ट्रले उचित ठानेको ।

२. त्यसैगरी, प्रत्येक पक्ष राष्ट्रले आफ्नो क्षेत्राधिकार अन्तर्गतको कुनै इलाकामा दोषारोपित कसुरदार उपस्थित भएको र आफूले निजलाई यस धाराको प्रकरण १ मा उल्लिखित कुनै राष्ट्रलाई धारा ८ बमोजिम सुपुर्दगी नगर्ने भएमा त्यस्ता कसुरहरुमा आफ्नो क्षेत्राधिकार स्थापित गर्न आवश्यक उपायहरु अवलम्वन गर्नेछ ।

३. यस महासन्धिले आन्तरिक कानून अनुसार प्रयोग गरिने कुनै पनि फौजदारी क्षेत्राधिकारलाई बाहेक गर्दैन ।

**धारा ६**

१. जुन पक्ष राष्ट्रको ईलाकामा धारा ४ बमोजिमको कुनै कसूर गरेको अभियोग लागेको व्यक्ति उपस्थित छ सो राष्ट्र आफूलाई उपलब्ध सूचनाहरुको परीक्षण पछि सो कुरा गर्नुपर्ने परिस्थिति विद्यमान भएको कुरामा सन्तुष्ट भएमा सो राष्ट्रले त्यस्तो व्यक्तिलाई हिरासतमा लिने वा निजको उपस्थिति सुनिश्चित गर्ने अन्य कानूनी उपायहरु अवलम्वन गर्नेछ । हिरासत तथा अन्य कानूनी

उपायहरु सो राष्ट्रको कानून बमोजिम हुनेछन् । तर त्यस्ता हिरासत तथा उपायहरुलाई फौजदारी वा सुपुर्दगी कारवाही गर्न आवश्यक समयसम्म मात्र निरन्तर राख्न सकिनेछ ।

२. त्यस्तो राष्ट्रले तत्कालै तथ्यहरुको प्रारम्भिक छानविन गर्नेछ ।

३. यस धाराको प्रकरण १ अनुसार हिरासतमा रहेको कुनै पनि व्यक्तिलाई निज जुन राष्ट्रको नागरिक हो सो राष्ट्रको निकटतम उपयुक्त प्रतिनिधिसँग वा निज राज्यविहिन व्यक्ति भएमा, निज प्रायःजसो बस्ने गरेको राष्ट्रको प्रतिनिधिसँग तत्कालै संचार सम्पर्क गर्न सहयोग गरिनेछ ।

४. कुनै राष्ट्रले यस धारा अनुसार कुनै व्यक्तिलाई हिरासतमा लिएमा सो राष्ट्रले धारा ५ को प्रकरण १ मा उल्लिखित राष्ट्रहरुलाई त्यस्तो व्यक्ति हिरासतमा रहेको तथ्य तथा निजलाई थुनामा राख्नु पर्ने परिस्थितिहरुको बारेमा तत्कालै जानकारी दिनेछ । यस धाराको प्रकरण २ मा उल्लिखित प्रारम्भिक छानविन गर्ने राष्ट्रले उल्लिखित राष्ट्रहरुलाई आफ्नो ठहरको अविलम्व जानकारी दिने र आफूले क्षेत्राधिकार प्रयोग गर्न खोजे वा नखोजेको कुरा समेत जनाउनेछ ।

**धारा ७**

१. जुन पक्ष राष्ट्रको ईलाकामा धारा ४ बमोजिमको कुनै कसूर गरेको अभियोग लागेको व्यक्ति भेटिएको छ सो पक्ष राष्ट्रले धारा ५ मा उल्लिखित अवस्थाहरुमा आफूले सो व्यक्तिलाई सुपुर्दगी नगरेमा मुद्दा चलाउने उद्देश्यकोलागि सो मुद्दालाई आफ्ना अधिकारप्राप्त अधिकारीहरु समक्ष पेश गर्नेछ ।

२. यी अधिकारीहरुले सो राष्ट्रको कानून अन्तर्गत गम्भीर प्रकृतिको कुनै सामान्य कसुर सम्बन्धी मुद्दा सरह सोही तवरमा आफ्ना निर्णयहरु लिनेछन् । धारा ५ को प्रकरण २ बमोजिमका मुद्दाहरुमा, मुद्दा चलाउन तथा कसूर प्रमाणित गर्न आवश्यक प्रमाणको स्तर कुनै पनि हालतमा धारा ५ को प्रकरण १ बमोजिमका मुद्दाहरुमा लागू हुने प्रमाणको स्तर भन्दा कम कठोर हुनेछैन ।

३. जुन व्यक्तिको सम्बन्धमा धारा ४ वमोजिमका कसूरहरुमध्ये कुनै कसूरका सम्बन्धमा कारवाही चलाईएको छ सो व्यक्तिलाई कारवाहीका सबै तहहरुमा स्वच्छ व्यवहारको प्रत्याभूति दिईनेछ ।

**धारा ८**

१. धारा ४ बमोजिमका कसूरहरु पक्ष राष्ट्रहरु बीच विद्यमान कुनै पनि सुपुर्दगी सन्धिमा सुपुर्दगीयोग्य कसूरहरुका रुपमा समावेश भएको मानिनेछ । पक्ष राष्ट्रहरुले त्यस्ता कसूरहरुलाई आफूहरु बीच

सम्पन्न हुने प्रत्येक सुपुर्दगी सन्धिमा सुपुर्दगीयोग्य कसूरहरुको रुपमा समावेश गर्ने प्रतिज्ञा गर्दछन् ।

२. सुपुर्दगीलाई सन्धिको विद्यमानतामा शर्तयुक्त बनाउने कुनै पक्ष राष्ट्रले आफूसँग सुपुर्दगी सन्धि सम्पन्न नभएको कुनै अर्को पक्ष राष्ट्रबाट सुपुर्दगीकोलागि अनुरोध प्राप्त गरेमा सो पक्ष राष्ट्रले यस महासन्धिलाई त्यस्ता कसूरहरुका सम्बन्धमा सुपुर्दगीको लागि कानूनी आधारको रुपमा लिन सक्नेछ । सुपुर्दगी अनुरोध गरिएको राष्ट्रको कानूनद्वारा व्यवस्था गरिएका अन्य अवस्थाहरुका अधिनमा रहनेछ ।

३. सन्धिको विद्यमानतामा सुपुर्दगीलाई शर्तयुक्त नबनाउने पक्ष राष्ट्रहरुले त्यस्ता कसूरहरुलाई अनुरोध गरिएको राष्ट्रको कानूनद्वारा व्यवस्था गरिएका अवस्थाहरुको अधिनमा रहने गरी आफूहरुबीच सुपुर्दगीयोग्य कसूरहरुको रुपमा स्वीकार गर्नेछन् ।

४. पक्ष राष्ट्रहरुबीच सुपुर्दगीको प्रयोजनकोलागि, त्यस्ता कसूरहरु घटेको स्थानमा मात्रै गरिएको नभई धारा ५ को प्रकरण १ अनुसार क्षेत्राधिकार स्थापित गनुपर्ने राष्ट्रहरुका ईलाकाहरुमा समेत गरिएको मानिनेछ ।

**धारा ९**

१. पक्ष राष्ट्रहरुले एक अर्कोलाई धारा ४ बमोजिमका कुनै पनि कसूरका सम्बन्धमा चलाइएको फौजदारी कारवाहीका सम्बन्धमा आफूसँग भएका कारवाहीकालागि आवश्यक सबै प्रमाणको आपूर्ति लगायतको उच्चतम स्तरको सहायता  प्रदान गर्नेछन् ।

२. पक्ष राष्ट्रहरुले आफूहरु बीच विद्यमान हुनसक्ने आपसी न्यायिक सहायता सम्बन्धी कुनै पनि सन्धिहरु अनुरुप यस धाराको प्रकरण १ अन्तर्गतका आफ्ना दायित्वहरु पूरा गर्नेछन्

**धारा १०**

१. प्रत्येक पक्ष राष्ट्रले कानून कार्यान्वयन गर्ने कर्मचारी, निजामती वा सैनिक, चिकित्सा कर्मचारी, सार्वजनिक अधिकारी तथा कुनै किसिमको पक्राउ, थुना वा कैदमा परेको व्यक्तिको थुना, सोधपुछ वा उपचारमा संलग्न हुने अन्य व्यक्तिहरुको तालीममा यातना निषेध सम्बन्धी शिक्षा तथा जानकारी पूर्ण रुपमा समावेश गरिएको कुरा सुनिश्चित गर्नेछ

२. प्रत्येक पक्ष राष्ट्रले यो निषेधलाई त्यस्तो कुनै पनि व्यक्तिको कर्तव्य तथा कामहरुका सम्बन्धमा जारी गरिएका नियम वा निर्देशनहरुमा समावेश गर्नेछ ।

**धारा ११**

प्रत्येक पक्ष राष्ट्रले यातनामा रोक लगाउने उद्देश्यले आफ्नो क्षेत्राधिकार अन्तर्गतको कुनै पनि ईलाकामा कुनै किसिमको पक्राउ, थुना वा कैदमा परेका व्यक्तिहरुको हिरासत र व्यबहारका लागि सोधपुछका नियमहरु, निर्देशनहरु, विधिहरु तथा व्यबहारहरु एवं प्रवन्धहरुको व्यबस्थित पुनरावलोकन गर्नेछ ।

**धारा १२**

प्रत्येक पक्ष राष्ट्रले आफ्नो क्षेत्राधिकार अन्तर्गतको कुनै पनि ईलाकामा यातनाको कार्य गरिएको विश्वास गर्ने मुनासिब आधार भएको अवस्थामा आफ्ना अधिकार प्राप्त अधिकारीहरुले छिटो तथा निष्पक्ष अनुसन्धान अगाडि बढाउने कुरा सुनिश्चित गर्नेछ।

**धारा १३**

प्रत्येक पक्ष राष्ट्रले आफ्नो क्षेत्राधिकार अन्तरगतको कुनै पनि ईलाकामा आफूलाई यातना दिइएको भनी आरोप लगाउने कुनै पनि व्यक्तिलाई यसका अधिकारप्राप्त अधिकारीहरु समक्ष उजुरी गर्ने वा निजहरुबाट आफ्नो मुद्दाको छिटो र निष्पक्ष रुपमा परीक्षण गरि पाउने अधिकार हुने कुरा सुनिश्चित गर्नेछ । उजुरवाला वा साक्षीले दिएको उजुरी वा प्रमाणको कारणले निज विरुद्द गरिने कुनै पनि दुर्व्यबहार वा धम्कीबाट निजलाई संरक्षण गर्न सुनिश्चित गर्ने कदमहरु चालिनेछन् ।

**धारा १४**

१. प्रत्येक पक्ष राष्ट्रले यातनाको कार्यबाट पीडित व्यक्तिले उपचार वा उद्धार पाउने तथा सम्भव भएसम्म पूर्ण पुनर्स्थापनाको उपायहरु लगायत उचीत तथा पर्याप्त क्षतिपूर्ति प्राप्त गर्ने कार्यान्वयनयोग्य अधिकार प्राप्त गर्ने ब्यवस्था आफ्नो कानूनी प्रणालीमा सुनिश्चित गर्नेछ । यातनाको कार्यको फलस्वरुप पीडित व्यक्तिको मृत्यु भएमा निजका आश्रितहरुलाई क्षतिपूर्ति पाउने अधिकार हुनेछ ।

२. यस धाराको कुनै पनि कुराले राष्ट्रिय कानूनमा व्यबस्था गरिएको पीडित वा अन्य व्यक्तिहरुको क्षतिपूर्ति पाउने कुनै पनि अधिकारलाई प्रभाव पार्नेछैन ।

**धारा १५**

प्रत्येक पक्ष राष्ट्रले यातनाको कारणले लिईएको वयान भनि स्थापित भएमा त्यस्तो वयानलाई कुनै पनि कानूनी कारवाहीमा प्रमाणको रुपमा नलिने कुरा सुनिश्चित गर्नेछन् । तर यातना दिने कार्यमा संलग्न व्यक्तिका विरुद्दमा भने प्रमाणमा लिन सकिनेछ ।

**धारा १६**

१. प्रत्येक पक्ष राष्ट्रले धारा १ मा परिभाषित यातनाको कार्यभित्र नपर्ने कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिबाट वा निजको वहकाउ वा सहमति वा मौन सहमतिमा गरिने क्रूर, अमानवीय वा अपमानजनक व्यबहार वा सजायका अन्य कार्यहरु आफ्नो क्षेत्राधिकार अन्तर्गतका कुनै पनि ईलाकामा रोक लगाउने प्रतिज्ञा गर्नेछ । खासगरी, धाराहरु १०, ११, १२ र १३ मा उल्लिखित दायित्वहरु यातनाको सन्दर्भहरुको सट्टा क्रुर, अमानवीय वा अपमानजनक व्यबहार वा सजायका अन्य स्वरुपका सन्दर्भहरु राखी लागू हुनेछन् ।

२. यस महासन्धिका व्यबस्थाहरुले क्रुर, अमानवीय वा अपमानजनक व्यबहार वा सजाय निषेध गर्ने वा सुपुर्दगी वा निष्काशनसँग सम्वन्धित अन्य कुनै पनि अन्तर्राष्ट्रिय दस्तावेज वा राष्ट्रिय कानूनका व्यबस्थाहरुमा प्रतिकूल प्रभाव पार्ने छैनन् ।

**भाग २**

**धारा १७**

१. यातना विरुद्धको समिति (यसपछि "समिति" भनिएको) को स्थापना गरिनेछ, जसले यसपछि व्यवस्था गरिएका कामहरु गर्नेछ । समितिमा उच्च नैतिक प्रतिष्ठा तथा मानव अधिकारको क्षेत्रमा स्वीकृत दक्षता भएका दश जना विशेषज्ञहरु रहनेछन् । निजहरुले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्नेछन् । विशेषज्ञहरु समन्यायिक भौगोलिक विभाजन तथा कानूनी अनुभव भएका केही व्यक्तिहरुको सहभागिताको उपयोगितामा ध्यान दिई पक्ष राष्ट्रहरुबाट निर्वाचित हुनेछन् ।

२. पक्ष राष्ट्रहरुबाट मनोनित व्यक्तिहरुको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरु निर्वाचित हुनेछन् । प्रत्येक पक्ष राष्ट्रले आफ्ना नागरिकहरु मध्येबाट एक जना व्यक्ति मनोनयन गर्न सक्नेछ । पक्ष राष्ट्रहरुले नागरिक तथा राजनीतिक अधिकारहरु सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र अन्तर्गत स्थापित मानव अधिकार समितिका समेत सदस्य भएका तथा यातना विरुद्धको समितिमा सेवा गर्न इच्छुक व्यक्तिहरुको मनोनयनको उपयोगितालाई विचार गर्नेछन् ।

३. संयुक्त राष्ट्र संघका महासचिवद्वारा बोलाईएको पक्ष राष्ट्रहरुको द्विवार्षिक बैठकहरुमा समितिका सदस्यहरुको निर्वाचन गरिनेछ । पक्ष राष्ट्रहरुको दुई तिहाई संख्यालाई गणपूरक संख्या मानिने ती बैठकहरुमा सबभन्दा बढी मत तथा बैठकमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरुका प्रतिनिधिहरुको मतको पूर्ण बहुमत प्राप्त गर्ने मनोनित व्यक्तिहरुनै समितिमा निर्वाचित हुनेछन् ।

४. प्रस्तुत महासन्धि लागू भएको मितिले ६ महिना भित्र प्रारम्भिक निर्वाचन हुनेछ । प्रत्येक निर्वाचनको मिति भन्दा कम्तिमा चार महिना अगावै संयुक्त राष्ट्र संघको महासचिवले पक्ष राष्ट्रहरुलाई आ-आफ्ना मनोनयनहरु तीन महिनाभित्र पेश गर्न आव्हान गर्दै पत्र पठाउनेछन् । महासचिवले त्यसरी मनोनित सबै व्यक्तिहरुको वर्णानुक्रम अनुसारको र निजहरुलाई मनोनयन गर्ने पक्ष राष्ट्रहरुको नाम समेत जनिएको सूची तयार पारी सो सूची पक्ष राष्ट्रहरुलाई पठाउने छन् ।

५. समितिका सदस्यहरु चार वर्षको अवधिका लागि निर्वाचित हुनेछन् । पुनः मनोनित भएमा तिनीहरु पुनः निर्वाचनकोलागि योग्य हुनेछन् । तर पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरुमध्ये पाँचजना सदस्यहरुको पदावधि दुई वर्षमा समाप्त हुनेछ । पहिलो निर्वाचन भएको लगत्तै पछि यस धाराको प्रकरण ३ बमोजिमको बैठकको अध्यक्षले यी पाँचजना सदस्यहरुको नाम गोला प्रथाद्वारा छनौट गर्नेछन् ।

६. समितिको कुनै सदस्यको मृत्यू भएमा वा निजले राजीनामा दिएमा वा निज अन्यथा समितिमा रही आफ्नो कर्तव्य पूरा गर्न नसक्ने भएमा निजलाई मनोनित गर्ने पक्ष राष्ट्रले निजको बाँकी पदावधिकोलागि सेवा गर्न आफ्ना नागरिकहरुमध्येबाट अर्को विशेषज्ञ नियुक्त गर्नेछ । त्यस्तो नियुक्तिलाई पक्ष राष्ट्रहरुको बहुमतले स्वीकृत गर्नु पर्नेछ । पक्ष राष्ट्रहरुमध्ये पचास प्रतिशत वा सोभन्दा बढी राष्ट्रले संयुक्त राष्ट्र संघका महासचिवबाट प्रस्तावित नियुक्तिको जानकारी पाएको छ हप्ताभित्र नकारात्मक जवाफ नदिएमा त्यस्तो स्वीकृति दिईएको मानिनेछ ।

७. समितिको काम सम्पादन गर्दा समितिका सदस्यहरुबाट भएको खर्चकालागि पक्ष राष्ट्रहरु उत्तरदायी हुनेछन् ।

**धारा १८**

१. समितिले दुई वर्षको पदावधिकोलागि आफ्ना पदाधिकारीहरु निर्वाचित गर्नेछ । उनीहरु पुनः निर्वाचित हुन सक्नेछन् ।

२. समितिले आफ्नो कार्यविधि सम्बन्धी नियमहरु आफै निर्धारण गर्नेछ । तर यी नियमहरुले अन्य कुराका अतिरिक्त देहायका कुराहरुको व्यवस्था गर्नेछन्:

(क) छ जना सदस्यहरुले गणपूरक संख्या पुग्ने ।

(ख) समितिका निर्णयहरु उपस्थित सदस्यहरुको बहुमतबाट गरिने ।

३. संयुक्त राष्ट्र संघका महासचिवले यस महासन्धि अन्तर्गत समितिले गर्नुपर्ने काम प्रभावकारी रुपले सम्पादन गर्नको लागि आवश्यक कर्मचारी र सुविधाहरु उपलब्ध गराउने छन् ।

४. संयुक्त राष्ट्र संघका महासचिवले समितिको प्रारम्भिक बैठक बोलाउनेछन् । प्रारम्भिक बैठक पछि समितिको कार्यविधि सम्बन्धी नियमहरुमा व्यबस्था भए बमोजिमको समयमा समितिको बैठक बस्नेछ ।

५. यस धाराको प्रकरण ३ अनुसार संयुक्त राष्ट्र संघबाट गरिएका कर्मचारीको खर्च तथा सुविधाहरु जस्ता कुनै पनि खर्च वापत संयुक्त राष्ट्र संघलाई दिनुपर्ने शोधभर्ना लगायत राष्ट्रहरुको तथा समितिको बैठक सञ्चालनका सम्बन्धमा भएका खर्चहरुकालागि पक्ष राष्ट्रहरु उत्तरदायी हुनेछन् ।

## धारा १९

१. पक्ष राष्ट्रहरुले यस महासन्धि अन्तर्गतका आफ्ना प्रतिज्ञाहरु लागू गर्न आफूले अवलम्वन गरेका उपायहरु सम्बन्धी प्रतिवेदनहरु सम्बन्धित पक्ष राष्ट्रका हकमा यो महासन्धि लागू भएको मितिले एक वर्षभित्र संयुक्त राष्ट्र संघका महासचिव मार्फत समिति समक्ष पेश गर्नेछन् । त्यसपछि, पक्ष राष्ट्रहरुले अवलम्वन गरिएका नयाँ उपायहरु सम्बन्धी पूरक प्रतिवेदनहरु प्रत्येक चार चार वर्षमा तथा समितिले अनुरोध गरे बमोजिमका अन्य प्रतिवेदनहरु पेश गर्नेछन् ।

२. संयुक्त राष्ट्र संघका महासचिवले सबै पक्ष राष्ट्रहरुलाई प्रतिवेदनहरु पठाउनेछन् ।

३. समितिले प्रत्येक प्रतिवेदन उपर विचार गरी सो प्रतिवेदन उपर आफूले उपयुक्त सम्झेका साधारण टिप्पणीहरु गर्नसक्ने र त्यस्ता टिप्पणीहरु सम्बन्धित पक्ष राष्ट्रलाई पठाउनेछ । सो पक्ष राष्ट्रले आफूले छनौट गरेको धारणा सहितको आफ्नो प्रतिक्रिया समितिलाई दिनेछ ।

४. समितिले यस धाराको प्रकरण ३ बमोजिम गरेका टिप्पणीहरु लगायत सम्बन्धित पक्ष राष्ट्रबाट प्राप्त तत्सम्बन्धी धारणा धारा २४ बमोजिम पेश गर्ने आफ्नो प्रतिवेदनमा समावेश गर्न आफ्नो

स्वविवेकले निर्णय गर्नसक्नेछ । सम्बन्धित पक्ष राष्ट्रबाट यस्तो अनुरोध गरिएमा समितिले यस धाराको प्रकरण १ अन्तर्गत पेश गरिएको प्रतिवेदनको प्रति समेत संलग्न गर्न सक्नेछ ।

**धारा २०**

१. समितिले कुनै पक्ष राष्ट्रको ईलाकामा व्यवस्थित रुपमा यातनाको अभ्यास भईरहेको कुराको आधारभूत संकेतहरु देखिने भरपर्दो जानकारी प्राप्त गरेमा समितिले सो पक्ष राष्ट्रलाई त्यस्तो जानकारीको परीक्षा गर्ने कार्यमा सहयोग पुऱ्याउन तथा यस उद्देश्यकोलागि सम्बन्धित जानकारीका सम्बन्धमा आफ्ना धारणाहरु पेश गर्न अनुरोध गर्नेछ ।

२. सम्बन्धित पक्ष राष्ट्रबाट धारणाहरु पेश गरिएका भए त्यस्ता धारणाहरु एवं आफूसँग उपलब्ध अन्य सम्बन्धित जानकारीलाई दृष्टिगत गरी समितिले निर्णय गरी आफ्ना एक वा सोभन्दा बढी सदस्यहरुलाई गोप्य रुपमा छानविन गरी समिति समक्ष तुरुन्तै प्रतिवेदन पेश गर्न खटाउन सक्नेछ ।

३. यस धाराको प्रकरण २ अनुसार छानविन गरिएमा समितिले सम्बन्धित पक्ष राष्ट्रको सहयोग माग गर्नेछ । सो पक्ष राष्ट्रसँगको सहमतिमा, त्यस्तो छानविनमा सो राष्ट्रको ईलाकाको भ्रमण पनि समावेश हुन सक्नेछ ।

४. यस धाराको प्रकरण २ अनुसार पेश गरिएका आफ्ना सदस्य वा सदस्यहरुको ठहर परीक्षण गरेपछि आयोगले यी ठहरहरु एवं परिस्थिति अनुरुप उपयुक्त देखिने कुनै पनि टिप्पणी वा सुझावहरु सम्बन्धित पक्ष राष्ट्रलाई पठाउनेछ ।

५. यस धाराको प्रकरण १ देखि ४ मा उल्लिखित समितिका सबै कारवाहीहरु गोप्य हुने र कारवाहीका सबै चरणहरुमा पक्ष राष्ट्रको सहयोग खोजिनेछ । प्रकरण २ अनुसार गरिएको छानविन सम्बन्धमा त्यस्ता कारवाही पूरा भएपछि समितिले सम्बन्धित पक्ष राष्ट्रसँग परामर्श गरी कारवाहीका परिणामहरुको सारांश धारा २४ अन्तरगत पेश गरिने आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्ने निर्णय गर्न सक्नेछ ।

**धारा २१**

१. यस महासन्धिको कुनै पक्ष राष्ट्रले कुनै अर्को पक्ष राष्ट्रले यस महासन्धि अन्तरगतको आफ्नो दायित्व पूरा गरिरहेको छैन भनी दावी गरेको सूचना प्राप्त गरी सो उपर विचार गर्नसक्ने समितिको सक्षमता स्वीकार गरेको कुराको घोषणा यस धारा अन्तर्गत कुनै पनि समयमा गर्न

सक्नेछ । समितिको सक्षमता स्वीकार गरी घोषणा गरेको पक्ष राष्ट्रबाट पेश गरिएका सूचना मात्र यस धारामा उल्लिखित कार्यविधि अनुरुप ग्रहण गरी सो उपर विचार गर्न सकिनेछ । त्यस्तो घोषणा नगरेको पक्ष राष्ट्रसँग सम्बन्धित कुनै पनि सूचना उपर समितिले कारवाही गर्नेछैन । यस धारा अन्तरगत प्राप्त गरिएका सूचनाहरुको हकमा देहायको कार्यविधि अवलम्वन गरिनेछः

(क) कुनै पक्ष राष्ट्रलाई यस महासन्धिका व्यवस्थाहरुलाई अर्को पक्ष राष्ट्रले कार्यान्वयन गरिरहेको छैन भन्ने लागेमा सो पक्ष राष्ट्रले लिखित सूचना दिई सो कुरा त्यस्तो अर्को पक्ष राष्ट्रको ध्यानमा ल्याउन सक्नेछ । सूचना प्राप्त गरेको तीन महिनाभित्र सूचना प्राप्त गर्ने राष्ट्रले सूचना पठाउने राष्ट्रलाई विषयवस्तु स्पष्ट गर्ने व्याख्या वा अन्य कुनै कथन लिखित रुपमा उपलब्ध गराउनेछ र त्यस्तो व्याख्या वा कथनमा संभव र सान्दर्भिक भएसम्म, सो विषयमा लिईएका, विचाराधिन रहेका वा उपलब्ध घरेलु कार्यविधि तथा उपचारहरुको सन्दर्भ समेत समावेश गर्नुपर्नेछ ।

(ख) सूचना प्राप्त गर्ने राष्ट्रले प्रारम्भिक सूचना प्राप्त गरेको छ महिनाभित्र सम्बन्धित दूबै पक्ष राष्ट्रहरुको चित्त बुझ्ने गरी सो कुराको समाधान हुन नसकेमा, समितिलाई तथा अर्को राष्ट्रलाई सूचना दिएर सो कुरा समिति समक्ष पेश गर्ने अधिकार दूबै राष्ट्रहरुलाई हुनेछ ।

(ग) सो विषयमा अन्तर्राष्ट्रिय कानूनका मान्य सिद्धान्तहरु अनुरुप उपलब्ध सबै घरेलु उपचारहरुको माग गरी त्यस्ता उपचारहरु समाप्त भईसकेको कुरा समितिले एकिन गरिसकेपछि मात्र समितिले आफू समक्ष पेश गरिएको कुनै पनि विषय उपर यस धारा अन्तरगत कारवाही गर्नेछ । उपचारहरु लागू गर्न अनुचित रुपमा ढिलाई हुने वा यस महासन्धिको उल्लंघनबाट पीडित व्यक्तिलाई प्रभावकारी उपचार प्रदान गर्न नसक्ने देखिएको अवस्थामा यो व्यबस्था लागू हुने छैन ।

(घ) यस धारा अन्तरगत सूचना परीक्षण गर्दा समितिले गोप्य बैठकहरु गर्नेछ ।

(ङ) उप-प्रकरण (ग) का व्यबस्थाहरुको अधिनमा रही, यस महासन्धिमा व्यबस्था गरिएका दायित्वहरुको सम्मानका आधारमा सो विषयको मैत्रिपूर्ण समाधान गराउने उद्देश्यले सम्बन्धित पक्ष राष्ट्रहरुलाई समितिले आफ्नो सद्भावपूर्ण सेवा (गुड अफिसेस) उपलब्ध गराउनेछ । यस प्रयोजनकोलागि, उपयुक्त भएमा समितिले एउटा अस्थायी मेलमिलाप आयोग गठन गर्नसक्नेछ ।

(च) यस धारा अन्तर्गत आफू समक्ष पेश गरिएको कुनै पनि विषयमा समितिले उप-प्रकरण (ख) बमोजिमका सम्बन्धित पक्ष राष्ट्रहरुलाई सम्बन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्नसक्नेछ ।

(छ) उप-प्रकरण (ख) मा उल्लिखित सम्बन्धित पक्ष राष्ट्रहरुलाई सो विषय उपर समितिमा विचार भईरहेको बेलामा आफ्नो प्रतिनिधित्व गर्न पाउने तथा मौखिक वा लिखित रुपमा जिकीर पेश गर्ने अधिकार हुनेछ ।

(ज) उप-प्रकरण (ख) अन्तर्गत सूचना प्राप्त गरेको मितिले बाह्र महिनाभित्र समितिले प्रतिवेदन पेश गर्नेछ:

(१) उप-प्रकरण (ङ) का अवस्थाभित्र समाधान हासिल भएको अवस्थामा, समितिले आफ्नो प्रतिवेदनलाई तथ्यहरुको तथा त्यस्तो समाधानको संक्षिप्त व्यहोरामा सीमित गर्नेछ ।

(२) उप-प्रकरण (ङ) का अवस्थाभित्र समाधान हासिल नभएको अवस्थामा, समितिले आफ्नो प्रतिवेदनलाई तथ्यहरुको संक्षिप्त व्यहोरामा सीमित गर्नेछ र सम्बन्धित पक्ष राष्ट्रहरुबाट पेश गरिएका लिखित जिकीरहरु तथा मौखिक जिकीरहरुको अभिलेख (रिकर्ड) लाई प्रतिवेदन साथ संलग्न गरिनेछ । प्रत्येक विषयका हकमा, सो प्रतिवेदन सम्बन्धित पक्ष राष्ट्रहरुलाई पठाईनेछ ।

२. यस महासन्धिका पाँचवटा पक्ष राष्ट्रहरुले यस धाराको प्रकरण १ अन्तरगत घोषणा गरिसकेपछि यस धाराका व्यवस्थाहरु लागू हुनेछन् । पक्ष राष्ट्रहरुले त्यस्ता घोषणा संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गर्नेछन् । महासचिवले सोका प्रतिहरु अन्य पक्ष राष्ट्रहरुलाई पठाउने छन् । महासचिवलाई सूचना दिएर कुनै पनि समयमा घोषणा फिर्ता लिन सकिनेछ । सोही धारा अन्तर्गत पठाईसकिएको सूचनाको विषय भएको कुनै पनि कुरा उपर विचार गर्ने कार्यमा त्यस्तो फिर्ताले प्रतिकूल प्रभाव पार्ने छैन । सम्बन्धित पक्ष राष्ट्रले नयाँ घोषणा नगरेसम्म महासचिवले धोषणा फिर्ताको सूचना प्राप्त गरेपछि त्यस्तो पक्ष राष्ट्रबाट यस धारा अन्तर्गत कुनै पनि अग्रीम सूचना प्राप्त गरिने छैन ।

**धारा २२**

१. यस महासन्धिको कुनै पक्ष राष्ट्रले यस महासन्धिका व्यबस्थाको पक्ष राष्ट्रबाट उल्लंघन भएर आफू पीडित भएको दावी गर्ने आफ्ना क्षेत्राधिकार भित्रका व्यक्तिहरुबाट वा निजहरुको तर्फबाट

दावी गरेको सूचना प्राप्त गरी सो उपर विचार गर्नसक्ने समितिको सक्षमता स्वीकार गरेको कुराको घोषणा यस धारा अन्तर्गत कुनै पनि समयमा गर्न सक्नेछ । त्यस्तो घोषणा नगरेको पक्ष राष्ट्रसँग सम्बन्धित कुनै पनि सूचना उपर समितिले कारवाही गर्नेछैन ।

२. समितिले कुनै पनि सूचना, जुन वेनामी छ वा समितिको विचारमा त्यस्तो सूचना पेश गर्न पाउने अधिकारको दुरुपयोग हो वा यस महासन्धिका व्यबस्थाहरु अनुकूल छैन, लाई यस धारा अन्तर्गत अग्राह्य मान्नेछ ।

३. प्रकरण २ का व्यवस्थाहरुको अधिनमा रही, समितिले यस धारा अन्तर्गत आफू समक्ष पेश गरिएका कुनै पनि सूचनालाई प्रकरण १ अन्तर्गतको घोषणा गरेको र यस महासन्धिको व्यवस्था उल्लघंन गरेको आरोप लागेको यस महासन्धिको पक्ष राष्ट्रको ध्यानमा ल्याउनेछ । सूचना ग्रहण गर्ने राष्ट्रले विषयवस्तु र आफूले कुनै उपचार दिलाएको भए सो समेत स्पष्ट पार्ने लिखित स्पष्टिकरण वा बयानहरु छ महिनाभित्र समिति समक्ष पेश गर्नेछ ।

४. व्यक्तिबाट वा निजको तर्फबाट तथा सम्बन्धित पक्ष राष्ट्रबाट समितिलाई उपलब्ध गराईएका सबै जानकारीका आधारमा समितिले यस धारा अन्तर्गत प्राप्त गरिएका सूचनाहरु उपर विचार गर्नेछ ।

५. समितिले देहायका कुराहरु एकीन नगरेसम्म कुनै पनि व्यक्तिबाट प्राप्त सूचना उपर विचार गर्नेछैनः

(क) अन्तर्राष्ट्रिय अनुसन्धान वा निरोपणको अर्को कार्यविधि अन्तर्गत सोही कुरा छानविन नभएको र छानविन भई नरहेको,

(ख) सो व्यक्तिले उपलब्ध सबै घरेलु उपचारहरु उपयोग गरिसकेकोस उपचारहरु लागू गर्न अनुचित रुपमा ढिलाई हुने वा यस महासन्धिको उल्लंघनबाट पीडित व्यक्तिलाई प्रभावकारी उपचार प्रदान गर्न नसक्ने देखिएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

६. यस धारा अन्तर्गत सूचना परीक्षण गर्दा समितिले गोप्य बैठकहरु गर्नेछ ।

७. समितिले सम्बन्धित पक्ष राष्ट्र तथा व्यक्तिलाई आफ्ना विचारहरु पठाउनेछ ।

८. यस महासन्धिका पाँचवटा पक्ष राष्ट्रहरुले यस धाराको प्रकरण १ अन्तरगत घोषणा गरिसकेपछि यस धाराका व्यबस्थाहरु लागू हुनेछन् । पक्ष राष्ट्रहरुले त्यस्ता घोषणा संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गर्नेछन् । महासचिवले सोका प्रतिहरु अन्य पक्ष राष्ट्रहरुलाई पठाउने छन् । महासचिवलाई सूचना दिएर कुनै पनि समयमा घोषणा फिर्ता लिन सकिनेछ । सोही धारा

नेपाल कानून आयोग

अन्तर्गत पठाईसकिएको सूचनाको विषय भएको कुनै पनि कुरा उपर विचार गर्ने कार्यमा त्यस्तो फिर्ताले प्रतिकूल प्रभाव पार्ने छैन । सम्बन्धित पक्ष राष्ट्रले नयाँ घोषणा नगरेसम्म महासचिवले घोषणा फिर्ताको सूचना प्राप्त गरेपछि त्यस्तो व्यक्ति वा निजको तर्फबाट यस धारा अन्तर्गत कुनै पनि अग्रीम सूचना प्राप्त गरिने छैन ।

**धारा २३**

समितिका सदस्यहरु र धारा २१ को प्रकरण १ (ङ) बमोजिम गठन हुनसक्ने अस्थायी मेलमिलाप आयोगका सदस्यहरुले संयुक्त राष्ट्र संघको विशेषाधिकार तथा उन्मुक्तीहरु सम्बन्धी महासन्धिका सम्बन्धित प्रकरणहरुमा व्यबस्था भए बमोजिमका राष्ट्र संघकालागि कार्यरत विशेषज्ञहरुले पाउने सुविधा, विशेषाधिकार तथा उन्मुक्तीहरु पाउनेछन् ।

**धारा २४**

समितिले यस महासन्धि अन्तर्गतका आफ्ना काम कारवाहीहरु सम्बन्धी वार्षिक प्रतिवेदन पक्ष राष्ट्रहरु तथा संयुक्त राष्ट्र संघको महासभा समक्ष पेश गर्नेछ ।

नेपाल कानून आयोग

**भाग ३**

**धारा २५**

१. यो महासन्धि सबै राष्ट्रहरुबाट हस्ताक्षर हुनका लागि खुला रहनेछ ।

२. यो महासन्धिलाई अनुमोदन गर्नुपर्नेछ । अनुमोदनका लिखतहरु संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ ।

**धारा २६**

यो महासन्धि सबै राष्ट्रहरुबाट सम्मिलन हुनका लागि खुला रहनेछ । सम्मिलनको लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ ।

**धारा २७**

१. अनुमोदन वा सम्मिलनको बीसौं लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला भएको मितिले तीसौं दिनदेखि यो महासन्धि लागु हुनेछ ।

२. अनुमोदन वा सम्मिलनको बीसौं लिखत दाखिला भएपछि यो महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि यो महासन्धि लागू हुनेछ ।

**धारा २८**

१. प्रत्येक राष्ट्रले यस महासन्धिमा हस्ताक्षर वा यसको अनुमोदन वा सम्मिलन गर्दाका बखत धारा २० मा व्यबस्था भए बमोजिम समितिको सक्षमतालाई आफूले स्वीकार नगर्ने भनी घोषणा गर्न सक्नेछ ।

२. यस धाराको प्रकरण १ बमोजिम आरक्षण राखेको कुनै पनि पक्ष राष्ट्रले संयुक्त राष्ट्र संघका महासचिवलाई सूचना दिएर सो आरक्षण कुनै पनि समयमा फिर्ता लिन सक्नेछ ।

**धारा २९**

१. यस महासन्धिको कुनै पनि पक्ष राष्ट्रले संशोधन प्रस्ताव गर्न र सो संशोधन संयुक्त राष्ट्र संघका महासचिव समक्ष दर्ता गर्न सक्नेछ । महासचिवले सो प्रस्ताव उपर विचार एवं मतदान गर्ने उद्देश्यले पक्ष राष्ट्रहरुको सम्मेलन गर्ने पक्षमा उनीहरु भए नभएको कुराको सूचना निजलाई दिने अनुरोध सहित प्रस्तावित संशोधन पक्ष राष्ट्रहरुलाई पठाउने छन् । त्यस्तो सूचना दिएको मितिले चार महिनाभित्र कम्तिमा एक तिहाई पक्ष राष्ट्रहरु त्यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्र संघको तत्वावधानमा सो सम्मेलनको आयोजना गर्नेछन् । महासचिवले सो सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरुको बहुमतबाट ग्रहण गरिएको कुनै पनि संशोधन स्वीकृतिका लागि सबै पक्ष राष्ट्रहरु समक्ष पेश गर्नेछन् ।

२. यस धाराको प्रकरण १ बमोजिम ग्रहण गरिएको कुनै पनि संशोधनलाई यस महासन्धिका दुई तिहाई पक्ष राष्ट्रहरुले आ आफ्ना संवैधानिक प्रकृयाहरु अनुसार स्वीकार गरेको कुराको सूचना संयुक्त राष्ट्र संघका महासचिवलाई दिएपछि सो संशोधन लागू हुनेछ ।

३. संशोधनहरु लागू भएपछि ती संशोधनहरु स्वीकार गर्ने पक्ष राष्ट्रहरुका हकमा वाध्यात्मक हुनेछन् भने अन्य पक्ष राष्ट्रहरुका हकमा यस महासन्धिका व्यवस्थाहरु तथा उनीहरुले स्वीकार गरेका कुनै पनि अघिल्ला संशोधनहरु बाध्यात्मक हुनेछन् ।

**धारा ३०**

१. यस महासन्धिको व्याख्या वा प्रयोगको सम्बन्धमा दुई वा सो भन्दा बढी पक्ष राष्ट्रहरुका बीच उत्पन्न विवादको समाधान वार्ताबाट हुन नसकेमा सो विवाद निजहरुमध्ये कुनै एकको अनुरोधमा मध्यस्थता समक्ष पेश गरिनेछ । मध्यस्थताकोलागि अनुरोध गरेको मितिले छ महिनाभित्र मध्यस्थताको गठनका सम्बन्धमा पक्षहरु सहमत हुन नसकेमा ती पक्षहरुमध्ये कुनै एक पक्षले अन्तर्राष्ट्रिय न्यायालयको विधान बमोजिम अनुरोध गरी सो विवाद अन्तर्राष्ट्रिय न्यायालय समक्ष पेश गर्न सक्नेछ।

२. प्रस्तुत महासन्धि हस्ताक्षर, अनुमोदन एवं सम्मिलन गर्दाको समयमा प्रत्येक पक्ष राष्ट्रले यस धाराको प्रकरण १ आफनो हकमा लागू नहुने घोषणा गर्न सक्नेछ । यस्तो आरक्षण राख्ने पक्ष राष्ट्रका सम्बन्धमा अन्य पक्ष राष्ट्रहरुको हकमा सो प्रकरणको व्यबस्था वाध्यात्मक हुने छैन ।

३. यस धाराको प्रकरण २ बमोजिम आरक्षण राखेको कुनै पनि पक्ष राष्ट्रले संयुक्त राष्ट्र संघका महासचिवलाई सूचना दिएर कुनै पनि समयमा सो आरक्षण फिर्ता लिन सक्नेछ।

**धारा ३१**

१. कुनै पनि पक्ष राष्ट्रले संयुक्त राष्ट्र संघका महासचिवलाई लिखित सूचना दिएर यो महासन्धि परित्याग गर्न सक्नेछ । महासचिवले त्यस्तो सूचना प्राप्त गरेको मितिले एक वर्षपछि परित्याग लागू हुनेछ ।

२. परित्याग लागू हुने मितिभन्दा पहिले उत्पन्न कुनै पनि कार्य वा त्रुटीका सम्बन्धमा यस महासन्धि अन्तर्गतको आफ्नो दायित्वबाट सो पक्ष राष्ट्रलाई मुक्त गर्ने प्रभाव सो परित्यागको हुने छैन नत परित्याग लागू हुने मितिभन्दा पहिलेनै समिति समक्ष विचाराधिन रहेको कुनै पनि विषय उपर निरन्तर विचार गर्ने कार्यमा सो परित्यागले कुनै पनि किसिमले प्रभाव पार्नेछ।

३. कुनै पक्ष राष्ट्रको परित्याग लागू भएको मिति पछि समितिले उक्त राष्ट्रका सम्बन्धमा कुनै पनि नयाँ विषय उपर विचार प्रारम्भ गर्नेछैन ।

**धारा ३२**

संयुक्त राष्ट्र संघका महासचिवले संयुक्त राष्ट्र संघका सम्पूर्ण सदस्य राष्ट्रहरु र यस महासन्धिमा हस्ताक्षर वा यसलाई सम्मिलन गर्ने सबै राष्ट्रहरुलाई निम्नलिखित कुराहरुको जानकारी दिनेछन्:

(क) धारा २५ र २६ अन्तर्गतका हस्ताक्षर, अनुमोदन र सम्मिलनहरु,

(ख) धारा २७ बमोजिम यो महासन्धि लागू हुने मिति र धारा २९ बमोजिम कुनै पनि संशोधनहरु लागू हुने मिति,

(ग) धारा ३१ अन्तर्गतका परित्यागहरु ।

**धारा ३३**

१. अरवी, चिनिया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरु समान रुपले प्रामाणिक हुने यो महासन्धि संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ ।

२. संयुक्त राष्ट्र संघका महासचिवले सबै राष्ट्रहरुलाई यस महासन्धिका प्रमाणित प्रतिहरु पठाउने छन् ।

नेपाल कानून आयोग